नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep #७२३

२ असार २०७९

# दैनिक विपद् बुलेटिन

असार १ विहान १०:०० बजे देखि २ असार विहान १०:०० बजे सम्म

| घटना संख्या | मृत्यु संख्या | हराएको | घाइते | अनुमानित क्षति | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २४ | ४ | ० | २ | रु.१,०१,२५,३०० | ४ | ३ |

## घट्ना सारांश

| घटना | जिल्ला | घटना विवरणसंख्या | मृतक | बेपत्ता | घाईते | प्रतिकार्य |
|---|---|---|---|---|---|---|
| पहिरो | तनहुँ | आँबुखैरेनी गा.पा.- ४ साखर स्थित पूर्व पश्चिम राजमार्गमा अबिरल वर्षाका कारण **सडक भासिई** आँबुखैरेनीबाट मुग्लिङ तर्फ जाँदै गरेको कार २०० मीटर तल खस्दा **२ जनाको मृत्यु** । | २ | ० | ० | - |
| | धादिङ्ग | गंगाजमुना गा.पा.- ६ सल्लाघारी गाँउ स्थित एक गोठमा अबिरल बर्षाका कारण **पहिरो** आई ३ वटा खसिको पुरिएर मृत्यु । | ० | ० | ० | - |
| | धादिङ्ग | बेनिघाट रोराङ्ग गा.पा.- १० तिङ्ग्राङखानी स्थित पृथ्वी लोकमार्गमा अबिरल बर्षाको कारण माथिबाट **लेदो खसि बाटो दुईतर्फी अबरोध**। | ० | ० | ० | - |
| | पाँचथर | मिक्लाजुङ गा .पा.- ७ लिम्बा खोला स्थित राँके रविभेडेटार भित्री सडक खण्डमा अविरल वर्षाको कारण बाटो माथिबाट **पहिरो** झरी **बाटो पूर्णरूपमा अवरोध** । | ० | ० | ० | ईप्रका खान्द्रुङको टोली खटिई गएको । |
| | पाँचथर | फाल्गुन्नद गा.पा.- ३ पाङग्रे भिर स्थित मेची राजमार्गमा अविरल वर्षाको कारण माथिबाट **पहिरो** झरी **बाटो अवरोध** । | ० | ० | ० | पौवा भञ्याङ र प्रहरी चौकी राँकेको टोली खटिई गएको |
| चट्याङ्ग | गोरखा | धार्चे गा .पा.-७ ठाटिदेउराली बस्ने वर्ष २५ का **एक पुरुषलाई** घरमा विजुलीको प्लगबाट मोबाईल चार्ज गरी निकाल्ने क्रममा **चट्याङ्ग** लागि **घटनास्थलमा नै मृत्यु** । | १ | ० | ० | प्र.ह.को टोली खटि ई गएको । |
| | तनहुँ | ब्यास न.पा.- १४ राईभञ्याङ बस्ने बर्ष २८ का **एक पुरुष** घरमा बसिरहेको अबस्थामा अचानक **चट्याङ्ग** लागी **घाइते** | ० | ० | १ | घाईतेलाई उपचारको लागि एपोलो हस्पिटल पठाईएको |
| | मोरङ्ग | सुन्दरहरैचा न.पा.- ६ लालीगुराँस चोक स्थित एक कुखुराको फर्ममा **चट्याङ्ग** परी फर्म पूर्णरुपमा जली **१ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्रचौ गछिया को टोली, स्थानीय र दमकलको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **बाढी** | कालिकोट | खाँडाचक्र न.पा.- २ स्थित सिमलधारा खोलामा अबिरल बर्षाको कारण **बाढी** आई खोला तर्ने क्रममा २ जना मानिस बगाएकोमा बर्ष ३९ की **महिला घाइते** अवस्थामा फेला र बर्ष ४४ का **पुरुष**को **शव फेला** । | १ | ० | १ | प्र.ना.उ.को टोली खटिई गई घाईतेलाई उपचारको लागि जिल्ला अस्पताल पठाईएको । |
| | ताप्लेजुङ्ग | सिरीजंघा गा.पा. १ र २ को सिमाना स्थित गणेशचोक तेल्लोक भित्री सडक खण्डको निमु खोलामा आएको **बाढीले बाटो** कटान गरी **पूर्णरुपमा अबरोध** । | ० | ० | ० | - |
| **आगलागी** | नवलपुर पूर्व | बिनयी त्रिवेणी गा.पा.- ७ रानीनगर स्थित एक फेन्सी पसलमा विद्युत सर्ट भई **आगलागी** हुँदा **२५ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.ना.नि.को टोली खटि ई गएको । |
| | रोल्पा | त्रिवेणी गा.पा.- ४ सिमपानी स्थित एक घरमा अचानक **आगलागी** हुँदा **१५ लाख रुपैंया** वरावरको क्षति । | ० | ० | ० | स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | दोलखा | शैलुङ गा.पा.- ८ फलामपोखरी स्थित एक कुखुराको खोरमा **आगलागी** हुँदा ८०० कुखुरा जली **१२ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. भैसेको टोली खटिई गएको । |
| | अछाम | साँफेबगर न.पा.- ९ बुढाकोटलुयटा स्थित धान, गहु पिस्ने मिलमा विद्युत सर्ट भई **आगलागी** हुँदा **५ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |
| | बाग्लुङ्ग | निसीखोला गा.पा.- २ बाहुन गाउँ स्थित एक घरमा अचानक **आगलागी** हुँदा नगद समेत ४ **लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.चौ. जुग्जाखोलाको टोली खटिई गएको । |
| | कैलाली | टिकापुर न.पा.- २ ठानापुर स्थित एक मो.सा. पार्किङ गरीराखेको अवस्थामा अचानक **आगलागी** । | ० | ० | ० | ई.प्र.का. टिकापुरको टोली खटिई गएको । |
| | बर्दिया | गेरुवा गा.पा.- २ पाताभार स्थित एक मो.सा.मा अचानक **आगलागी** हुँदा मो .सा. पूर्णरुपमा जली **६० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | ई.प्र.का. पाताभारको टोली खटिई गएको । |
| | मोरङ्ग | सुन्दरहरैचा न.पा. ७ ठडिया चोक स्थित एक घरमा बिद्युत सर्ट भई **आगलागी** हुँदा नगद सहित जली क्षति । | ० | ० | ० | प्रचौ गछियाको टोली खटिई गएको । |
| | काठमाडौं | बूढानीलकण्ठ न.पा.- ३ रुद्रेश्वर चोक नजिकै **ब्रम्हकुमारी राज योग** सेवा केन्द्र (ॐ शान्ती) भवनमा जेनेटर चलाउने क्रममा अचानक **आगलागी** हुँदा **३ लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्र.नि.को टोली र स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण। |
| | काठमाडौं | गोकर्णेश्वर.न.पा.- ८ गोकर्ण जनसागर चोक स्थित एक घरमा ग्यास सिलिण्डर लिक भई **आगलागी** हुँदा **५० हजार रुपैंया** बराबरको क्षति । | ० | ० | ० | स्थानीयको सहयोगमा आगो पूर्णरुपमा नियन्त्रण । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **अबिरल वर्षा** | काठमाडौं | काठमाडौं म.न.पा.- ३ रानिबारी स्थित प्राईमकर्प ग्लोबल प्रा.लि मा **अबिरल बर्षा**का कारण भल पसी **२४ लाख ७५ हजार ३ सय रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| | भक्तपुर | सुर्यविनायक न.पा.- ९ पलासे स्थित एक घर **अविरल वर्षाको** कारण भत्किएको। | ० | ० | ० | वृत जगातीको टोली खटिई गएको । |
| | ताप्लेजुङ्ग | आठराई त्रिवेणी गा.पा.- १ अमले स्थित एक घर **अबिरल बर्षा**को कारण भत्किई ६ **लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | प्रचौ निघुरादिनको टोली खटिई गएको । |
| | गोरखा | भिमसेन गा.पा.- १ मसेल स्थित एक धन्सार **अबिरल बर्षा**का कारण पूर्णरुपमा भत्किई ४ **लाख रुपैंया** बराबरको क्षति । | ० | ० | ० | - |
| **जम्मा संख्या** | **१७** | **२४** | **४** | **०** | **२** | |

## विपद्का घटना सम्बन्धी सूचना र सन्देशका लागि

**www.twitter.com/ndrrma_Nepal र**

**www.facebook.com/ndrrma/videos र**


**www.youtube.com/NDRRMA मा जानुहोस् ।**

| **२०७९ वैशाख १ देखि असार २ गते सम्मका विपद्का प्रमुख घट्नाहरुको विवरण** | | | | | | |
|---|---|---|---|---|---|---|
| **घटना** | **घटना संख्या** | **मृतक** | **वेपत्ता** | **घाईते** | **प्रभावित परिवार** | **अनुमानित क्षति रु** |
| पहिरो | २३ | ८ | ० | १ | २७ | ५५१०००० |
| बाढी | २ | २ | ० | ० | ६ | ४३५००० |
| भारी बर्षा | ९ | ० | ० | ० | ७ | ४६२१८०० |
| चटयाङ्ग | ६९ | २७ | ० | ५३ | ९६ | १२३३००० |
| सर्पदंश | ५ | ३ | ० | ३ | ५ | ० |
| आगलागी | ४५५ | १५ | ० | ५८ | ५२३ | ४७६५२११६० |
| जङ्गल आगलागी | ५० | ० | ० | २ | २८ | १२३८५००० |
| हावाहुरी | ८५ | ८ | ० | ३१ | १९४ | २५०७९८०० |
| जनावर आतंक | ३५ | ९ | १ | २२ | ४४ | ७८०५०० |
| **जम्मा संख्या** | **७३३** | **७२** | **१** | **१७०** | **९३०** | **५२,६५,६६,२६०** |

## दैनिक वर्षा (Daily Precipitation) को सारांशः


असार ०१ गते बिहान ०८:४५ बजे देखि असार ०२ गते बिहान ०८:४५ बजे सम्मको वर्षा

आज मिति २०७९/०३/०२ गते बिहान ०८:४५ बजे २२२ वटा वर्षा मापन केन्द्रह हरु (मानव सञ्चालित: ८५ र स्वचालितः १३७) मा मापन गरिएको गत २४ घण्टाको वर्षाको विवरण अनुसार १८२ वटा केन्द्रमा वर्षा भएको छ(नक्सा १)। उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (९२.८ मि.मि.) सिन्धुपाल्चोक जिल्लाको बाह्रबिसे केन्द्रमा भएको छ। वर्षा मापन गरिएका केन्द्रहरु मध्ये १०५ वटा केन्द्रमा १० मि.मि. भन्दा बढी , ४८ वटा केन्द्रमा २५ मि.मि. भन्दा बढी र ८ वटा केन्द्रमा ५० मि.मि. भन्दा बढी वर्षा भएको छ।





*नक्सा १: असार ०१ गते बिहान ०८:४५ बजे देखि असार ०२ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको वर्षा (मि. मि.)*

## दैनिक न्यूनतम तापक्रम (Daily Minimum Temperature) र अधिकतम तापक्रम (DailyMaximum Temperature)को सारांशः




*नक्सा २: असार ०१ गते बिहान ०८:४५ बजे देखि असार ०२ गते बिहान ०८:४५ बजे सम्मको २४ घण्टाको न्यूनतम तापक्रम (डिग्री सेल्सियस)*




*नक्सा ३: जेठ ३१ गते साँझ ०५:४५ बजे देखि असार ०१ गते साँझ ०५ :४५ बजे सम्मको २४ घण्टाको अधिकतम तापक्रम (डिग्री सेल्सियस)*

तालिका १ : २०७९/०३/०२ गते बिहान ०८ :४५ बजे मापन गरिएको गत २४ घण्टाको न्यूनतम तापक्रम र २०७९/०३/०१ गते साँझ ०५ :४५ बजे मापन गरिएको गत २४ घण्टाको अधिकतम तापक्रमको विवरण।

| तापक्रम (डि.से.) | न्यूनतम तापक्रम(केन्द्र संख्या) | अधिकतम तापक्रम(केन्द्र संख्या) |
|---|---|---|
| १० देखि १५ | ७ | - |
| १५ देखि २० | २३ | - |
| २० देखि २५ | ३३ | १४ |
| २५ देखि ३० | १४ | २१ |
| ३० देखि ३५ | - | २८ |
| ३५ देखि ४० | - | १६ |
| ४० देखि ४५ | - | ४ |
| जम्मा केन्द्र संख्या (वटा) | ७७ | ८३ |
| सबैभन्दा बढी/केन्द्र, जिल्ला | २८.५ डि.से./महेन्द्रनगर, कञ्चनपुर | ४२.५ डि.से./नेपालगञ्ज, नेपालगञ्ज |
| सबैभन्दा कम/केन्द्र, जिल्ला | १०.५ डि.से./थाकमार्फा, मुस्ताङ | २०.० डि.से./कन्याम चियाबगान, इलाम |

नोटःडि.से.=डिग्रीसेल्सियस

**वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि[www.dhm.gov.np/climate/](www.dhm.gov.np/climate/)मा हेर्नुहोस् ।**